**कार्यकारी अधिकृत श्री नेबबहादुर वली ज्यूबाट प्रस्तुत आ.ब. ०७४/७५ बार्षिक नीति, कार्यक्रम र बजेट।**

**प्रमुख अतिथि:** श्रीमान् स्थानीय विकास अधिकारी श्री युवराज सुवेदी ज्यू ,**विशेष अतिथि:** ईलाका प्रशासन कार्यालय, बुटवलका प्रमुख श्री कृष्णप्रसाद भण्डारी ज्यू ,**अतिथि:** नगरमा क्रियाशिल राजनैतिक दलका प्रमुख वा प्रतिनिधि ज्यूहरु ,सैनामैना नगर विकास समितिका अध्यक्ष ज्यू ,निवर्तमान तथा पूर्व जि .वि.स सदस्य तथा गा.वि.स अध्यक्ष ज्यूहरु,सुरक्षा निकाय तथा सम्पुर्ण कार्यालयका प्रमुख एवं प्रतिनिधी ज्यूहरु,सैनामैना उद्योग वाणिज्य तथा व्यापार संघका अध्यक्ष ज्यूहरु ,विभिन्न क्याम्पसका प्रमुख, उच्च मा.वि का प्राचार्य तथा विद्यालयका प्रधानाध्यापक ज्यूहरु ,नगरमा क्रियाशील विभिन्न गैरसरकारी , सामाजिक संघ संस्थाका प्रमुख वा प्रतिनिधि ज्यूहरु ,पत्रकार महासंघका प्रतिनिधि एंव सञ्चारकर्मी मित्रहरु ,महिला, आदिवासी-जनजाति, दलित, जेष्ठ नागरिक, अपाङ्ग, युवा तथा बाल सञ्जालका प्रमुख वा प्रतिनिधि ज्यूहरु ,दातृ निकायका प्रमुख वा प्रतिनिधि ज्यूहरु , वडा नागरिक मञ्च , नागरिक सचेतना केन्द्र तथा टोल विकास संस्थाका संयोजक ज्यूहरु ,आदरणीय उपस्थित प्राज्ञ , समाजसेवी, वुद्धिजिवी लगायत सम्पुर्ण नगरवासी महानुभावहरु,सहकर्मी कर्मचारी मित्रहरु,आज हामी यस नगरपालिकाको भावी योजना सहितको चौथो नगर परिषद् सम्पन्न गर्न गैरहेका छौं। यो नगर परिषद् स्थापना पछिको चौथो सम्मानित सभामा यहाँहरु सामु यस नगरपालिकाको वार्षिक निति कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु। यस क्षणमा म ऐतिहासिक कालखण्डदेखि प्रजातान्त्रिक आन्दोलन हुदै लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ साहदत प्राप्त गर्नुहुने ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै घाइतेहरु प्रति शीध्र स्वास्थ्य लाभको कामना गर्दछु।

**आदरणीय महानुभावहरु,**

बि.स २०७१ साल घोषणा भएको यस नगरपालिकाको थुप्रै समस्या एंव सम्भावना बोकेको देशको नमूना सहरको रुपमा परिचित गराउन विगतको भोगाइको आधारमा अबको बाटो के हुन सक्छ भन्ने बारे समिक्षा प्रस्तुत गर्न चाहान्छु।

**उपस्थित महानुभावहरु,**

सर्वप्रथम यहाँहरु समक्ष यस नगरपालिकाको आ .ब ७२\७३मा सम्पादित कार्यको संक्षिप्त समिक्षा प्रस्तुत गर्न चाहन्छु। यस अबधिका लागि कुल बिनियोजित रकम रु. ६,७८,७६,२८४ मध्ये रु ६,५६,२६,६१६ खर्च भई ९७% प्रतिशत प्रगति हुन पुगेको छ। यसबाट नगरपालिकाको प्रशासकिय भवन मध्यस्तरमा पुगेको , नगरका प्रमुख स्थानमा सौर्य सडक बत्ती जडान भएको , अर्थपुर्ण र सक्रिय जनसहभागिताको माध्यमबाट सडक कालोपत्रे कार्यहरु सम्पन्न भएका, नगरपालिकालाई आवश्यक जनशक्ति आपुर्ति गरिएको लगाएत आर्थिक ,

सामाजिक, ऐतिहासिक र भौतिक पुर्वाधार सम्बन्धि साना ठुला गरि १८७ योजनाहरु सम्पन्न भएका छन्। उल्लेखित कार्यसम्पादनबाट निम्न प्रमुख समस्या र चुनौतीहरु अनुभुत गरिएको छ।

१. फोहोर प्रशोधन स्थलको उपलब्ध हुन नसक्दा र फोहोरलाई मोहोरका रुपमा लिने बुझाइमा कमी हुदा फोहोरमैला व्यवस्थापनमा अपेक्षित प्रगति कायम गर्न।
२. अव्यस्थित बसोबासीको समस्या समयमै समाधान हुन नसक्दा सेवा प्रवाह र सहरी योजना कार्यान्वनमा समेत कठिनाई।
३. नगरपालिका घोषणा पश्चात विकास साझेदार निकायहरु हात झिक्दै जाँदा नगरवासीहरुको अत्याधिक मागको चाप र उपलब्ध सिमीत स्रोतका बीच तालमेल कायम गरी अपेक्षित विकास उपलब्धि हासिल गर्न कठिन।
४. सुरक्षित आवासका लागि भवन मापदण्ड भन्ने बुझाईमा कमी हुदा सुन्दर , सुरक्षित बस्ती युक्त सैनामैना नगर निर्माणमा चुनौति।

**आदरणीय महानुभावहरु,**

प्राकृतिक, भौगोलिक, सास्कृतिक, सामुदायिक एंव पुरातात्वीक र व्यापारिक विविधता जस्ता सम्भावना युक्त निधीहरु रहेको भएपनि औद्योगिक क्रियाकलाप आशातित हुन नसक्नु , आधुनिक व्यवसायिक कृषि प्रणाली तर्फ एकिकृत समन्वयात्मक अभ्यासको कमि , एकिकृत जग्गा विकासको अबधारणामा अघि बढ्न नसक्दा अव्यवस्थित सहरीकरण बद्दै जानु , आन्तरीक आय बृद्धिमा स्रोतको पहिचान बनाउने सम्बन्धमा प्रयाप्त प्रयास हुन बाकी रहेकोले आन्तरिक आयको अवस्था पुर्ण समृद्ध हुन नसकि परनिर्भरताको अवस्था रहेको लगायतका कारणले विकासको पथमा देशका २१७ नगरपालिका मध्ये अग्र स्थानमा उभिने सपना पुरा गर्न धैरै पहल गर्न बाकी छ।

लोकतन्त्रको उच्चतम अभ्यास र लाभ नजिकको सरकारबाट जनता समक्ष प्रदान गर्न विकेन्द्रिकरणको अबधारणा अनुरुप स्थानीय सरकारको रुपमा नगरपालिकालाई सञ्चालन गर्न नेपालको संविधान २०७२ को भाग १७, स्थानीय स्वायत्त शासन ऐन २०५५, लगायत सम्बद्ध नियम, कार्यविधि, निर्देशिका मार्फत जबाफदेही र उत्तरदायी सरकारको रुपमा स्थापित गर्न प्रयत्न गरिएको छ।

नगरक्षेत्रको समावेशी विकासका लागि सम्पुर्ण जाति , लिङ्ग, वर्ग, समुदाय र क्षेत्रका आवाजहरुलाई सम्बोधन गर्दा उपलब्ध स्रोत र माग पक्षको तालमेल हुन नसक्दा मानव विकास सुचाङ्कमा लक्षित उपलब्धी प्राप्त हुन नसकेता पनि सामाजिक परिचालन तर्फका राजनैतिक दल , वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र , बाल क्लब , गै. स. स, नागरिक समाज तथा सामुदायिक \सरकारी संघ

संस्थाको परिचालनबाट योजना तर्जुमा तथा कार्यान्वयन प्रभावकारी हुन गई अपेक्षित उपलब्धीमा बृद्धि हुने विश्वास लिएको छु।

प्रतिस्पर्धाको वर्तमान युगमा अन्य विकसित नगरको समतुल्यमा पुर्याउनको लागि नगरको समृद्धि र आत्मनिर्भता बढाउन सबै नगरबासी एंव तह र तप्काबाट सक्रिय एंव रचनात्मक भुमिका रहने छ भन्ने आशा लिएको छु।

**आदरणीय महानुभावहरु,**

म आर्थिक बर्ष २०७४।७५ मा सैनामैना नगरपालिकाले लिने प्रमुख निती तथा कार्यक्रमहरू प्रस्तुत गर्न गइरहेको छु।

१ यस नगरको बृहत शहरी विकास गुरुयोजना तर्जुमा गरी व्यवस्थित शहरीकरणको अबधारणा अबलम्बन गरिनेछ ।

२ आयोजनाको दिगोपना , प्रभावकारिता, मितव्ययीता, कार्यकुशलता कायम गर्न मागमा आधारीत सहभागितामुलक योजना छनौट तथा कार्यान्वयन प्रणालीको अवलम्बन गरिने छ।

३ सुन्दर र सुरक्षित नगर निर्माण गर्न स्वीकृत मापदण्ड पुरा गर्ने पुर्वाधारमा मात्र लगानी गर्ने नीति अनुसरण गरिनेछ।

४ स्थानीय शासनको प्रमुख आधारको रुपमा बालमैत्री स्थानीय शासनको अवधारणा अवलम्बन गरिने छ।

५ लक्षित तर्फको बजेट तथा कार्यक्रममा स्वरोजगारमा आधारीत आयमुलक योजना छनौटमा प्राथमिकता दिईने छ।

६ फोहोरमैला व्यवस्थापनमा "<u>सफा घर, टोल र सहर; सैनामैनावासीको एउटै रहर</u>" भन्ने नाराका साथ स्थानीय टोल सुधार समिति , बजार व्यस्थापन समिति र निजि क्षेत्रको सहकार्य अभिबृध्दि गर्ने अवधारणा कार्यान्वयनमा ल्याइनेछ।

७ नगर क्षेत्रभित्र रहेका पुरातात्विक , सास्कृतिक, ऐतिहासिक, धार्मिक पर्यटकिय निधीहरुको पहिचान, संरक्षण र प्रवर्धन गर्दै जाने निति लिइने छ।

८ सार्वजनिक जग्गाको पहिचान , अभिलेखन, संरक्षण र व्यवस्थापन गर्दै भू -उपयोग योजनानुसार समुचित उपयोगको निती लिइने छ।

९ दिगो विकासको प्रमुख आधारको रुपमा वातावरणमैत्री स्थानीय शासनको अवधारणा अवलम्बन गर्दै पुर्वाधार निर्माणमा वायोईन्जिनियरीङ्लाई अनिवार्य गर्ने निती लिइने छ।

१० विकास साझेदारको योगदान र परिचालनलाई प्रभावकारी तुल्याउन र आन्तरिक आयमा अबिवृध्दि हासिल गर्न सार्वजनिक निजी साझेदारी (PPP)को अवधारणामा आधारित लगानीको निती अवलम्बन गरिने छ।

११ स्थानीय विकासमा अर्थपुर्ण जनसहभागिता प्रवर्धन गर्न आयोजनामा प्रतिस्पर्धात्मक लागत सहभागिताको निती अवलम्बन गरिने छ।

१२ व्यवस्थित सहरीकरण, लागत प्रभावी सहरी सेवा व्यवस्थापन र कृषि भूमीको संरक्षणका लागि भू -उपयोग नितीमा आधारित ल्यान्डपुलिङ् र संयुक्त आवासको अवधारणाको संभाव्यता अध्ययन गरिने छ।

१३ आधारभुत करका दरहरुलाई न्युन राखि दायरालाई फराकिलो पार्दै स्थानीय कर प्रणालीलाई वैज्ञानिक तुल्याउने निती अबलम्बन गरिनेछ।

१४ सेवा प्रबाहलाई छरितो र जनमुखि तुल्याउन उपलब्ध स्रोत साधनको अधिकतम् उपयोग मार्फत जनताको नजिकबाट सेवा प्रवाह गर्ने निती क्रमश अवलम्बन गरिने छ।

१५ नगरको सभ्यता , पहिचान र स्वस्थ सामाजिक जीवनको लागि नागरिक आचारसंहिता (CITY CIVIL CODE) तर्जुमा गरिनेछ।

१६ एक नगर एक उत्पादन , एक वडा एक उद्द्यान र एक वडा एक पोखरीको नितीलाई कार्यान्वनमा ल्याउन साझेदारीको निती अवलम्बन गरिनेछ।

१७ कार्यसम्पादनमा अपेक्षित गुणस्तर हासिल गर्न नगरको Vision, Mission, Goal र तोकिएको पदको कार्य विवरणको आधारमा प्रत्येक शाखा र कर्मचारीसँग कार्यसम्पादन सम्झौता गरी सोका आधारमा प्रोत्साहन प्रणाली स्थापित गरिनेछ।

१८ सार्वजनिक वित्तीय जोखिम न्युनीकरणका लागि पेश्कीलाई निरुत्साहित गर्दै वेरुजु शुन्यको निती अवलम्बन गरिनेछ।

१९ श्रम पलायन न्यूनीकरणका लागि युवाहरुलाई शासन सञ्चालन तथा विकासको साझेदारका रुपमा परिचालन गर्ने निती लिईनेछ।

आदरणीय महानुभावहरु,

अब म माथि उल्लेखित नितिहरुको आधारमा आगामी आ .ब २०७४।७५ को कार्यक्रम तथा बजेट पेश गर्न गइरहेको छु जसअन्तर्गत पुजिगत तर्फ ८ करोड ४७ लाख ८३ हजार (४७.१%) र चालु तर्फ सामाजिक सुरक्षा भत्ता रु ७ करोड (३८.९%) सहित रु ९ करोड ५२ लाख ३८ हजार (५२.९%) गरी कुल जम्मा १८ करोड २१

हजार बजेट पेश गरेको छु। तलब भत्ता, कार्यालय सञ्चालन तथा व्यवस्थापन लगायतका प्रशासनिक खर्च तर्फ २ करोड ५२ लाख ३८ हजार कुल व्यय अनुमानको १४.०२% मात्र खर्च अनुमान गरेको छु।

अपेक्षित रुपमा आन्तरिक आय पर्याप्त नभएको अवस्था र करदाताको सामर्थ्य समेत मध्यनजर गर्दै राजश्व करका दरहरु मध्ये नगरस्तरीय राजश्व परामर्श समितिको सिफारिस अनुसार जनसाधारणसँग सम्बन्धित आधारभुत सेवा तर्फका आधारभुत सेवा तर्फका दरहरु यथावतै कायम गरी छुट नयाँ शिर्षकलाई मात्र व्यहारीक तुल्याइएको छ।प्रक्षिपित कार्यक्रम तथा बजेट यहाँहरु सामू वितरित पुस्तिकामा समावेश गरेको छु।

आदरणीय महानुभावहरु,

अब म आ.ब ०७४।७५ का लागि भएका महत्वपूर्ण निर्णयहरु प्रस्तुत गर्न गईरहेको छु।

१) सैनामैना नगरपालिका अन्तर्गत उपयुक्त स्थानमा बहुउद्देशीय सिटिहल ,रंगशाला, बसपार्क निर्माण, हाटबजार व्यवस्थापनका लागि स्थानीय साझेदार नगर विकास समिति, उद्योग वाणिज्य संघ, व्यापार संघ, जिल्ला विकास समिति, नगर विकास कोष, राष्ट्रिय तथा अन्तरराष्ट्रिय साझेदार सम्बन्धित निकायहरुमा आवश्यक आर्थिक तथा प्राविधिक प्रबन्धको लागि अनुरोध गर्ने निर्णय गरियो ।

२) सैनामैना नगरपालिकालाई नेपाल सरकारबाट जारी भएको वातावरणमैत्री स्थानीय शासन निर्देशिका २०७० बमोजिम हरित नगर बनाउनको लागी नगरपालिकाको विभिन्न वडा तथा वस्तीस्तरबाट सुझाव संकलन गरी रणनीतिक गुरुयोजना निर्माण गर्ने निर्णय गरीयो ।

३) सैनामैना नगरपालीका क्षेत्रभित्र दिनानुदिन बढ्दै गएको अव्यवथित प्लटिङ तथा जग्गा खण्डीकरण कार्यले कृषि भुमि ह्रास हुदै अव्यवथित शहरिकरण बढ्दै गएकोले सो कार्यलाई निरुत्साहित गर्न सम्पूर्ण सरोकारवालाहरुको सहयोग लिई बैधानिक जग्गा विकास प्रर्वद्धकहरुलाई मात्र स्वीकृति दिने कार्यलाई कडाइका साथ कार्यान्वयन गर्ने निर्णय गरीयो ।

४) सैनामैनाका ऐतिहासिक तथा पुरातात्वीक पर्यटकीय क्षेत्र, मल्मला क्षेत्र ,पर्रोहा परमेश्वर बोलबमधाम,कोटियामाइ लगायतका विशेष क्षेत्रहरुको संरक्षण सम्बर्द्धन र व्यवस्थापन गर्न आवश्यक स्रोत तथा साधनको लागि सम्बन्धीत निकायहरुमा माग अनुरोध गर्ने निर्णय गरियो ।

५) सैनामैना नगरपालिकाको क्षेत्रको जग्गा सर्वे नापि गर्दा १ : २४०० स्केलको नाप नक्सा भएकोमा जग्गाको बढ्दो खण्डीकरणले जग्गाको क्षेत्रफल अनुरुप नाप नक्सा गरि फिल्डमा एकिन रेखाकंन गर्न कठिनाइ भएको, नदिका बहावहरु परिवर्तन भएका र सार्वजनिक बाटोको लगत कट्टि नहुदा समस्या भएकोले नगरपालिका क्षेत्रको जग्गा १ : ५०० स्केलको मान नापमा डिजिटल म्यापिङद्वारा पुनः नाप नक्सा गरिदिन सम्बन्धीत निकायमा अनुरोध गर्ने निर्णय गरीयो ।

६) सैनामैना नगरपालिकाको व्यवस्थित शहरीकरणलाई टेवा दिन GIS - Geographical Information System प्रविधीद्धारा नक्साङ्कन गर्दै घर नम्बरिङ्ग गर्ने कार्य शुरु गरी निरन्तरता प्रदान गर्दै जाने निर्णय गरियो ।

७) स्वस्थ र सफा मासु आपुर्तीको लागी नगर क्षेत्र भित्र रहेका फ्रेस हाउस लाई जिल्ला पशु सेवा कार्यालय रुपन्देहीको समन्वयमा नियमित अनुगमनको व्यवस्था गरी सुधारात्मक पहल गर्ने र दिर्घकालिन रुपमा नगरको उपयुक्त स्थानमा सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप व्यवस्थीत पशु वधशाला निर्माण तथा संचालनको लागी आवश्यक प्राविधिक तथा आर्थिक सहयोगको लागी शहरी विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरीयो ।

८) नगरपालिका क्षेत्र भित्र फोहरलाई मोहरमा परिणत गरी श्रोतमै फोहोर वर्गिकरण गर्ने कार्यबाट Zero Landfill Site को अवधारणामा पुग्न सार्वजनिक निजी साझेदारी अवधारणा बमोजिम तोकिएका क्षेत्रमा फोहोरमैला व्यवस्थापन कार्य गर्न तोकिएको सेवा शुल्क सेवाग्राहीबाट लिई फोहोरमैला संकलन गर्न इच्छुक निजी क्षेत्रसंग सहकार्य गरी कार्यान्वयन गर्ने निर्णय गरीयो ।

९) नगरक्षेत्र भित्र अव्यवस्थित बसोबासीको व्यवस्थापनको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो।

अन्तमा,चौथो नगर परिषदका प्रमुख अतिथि ज्यू, बिशेष अतिथि ज्यू , राजनैतिक दलका प्रमुख वा प्रतिनिधि ज्यूहरु, अतिथी ज्यूहरु, उपस्थित नगरवासी महानुभावहरु,

नगर परिषद सम्पन्न गर्न उपस्थित भई गरिमा बढाईदिनुभएकोमा तथा प्रतक्ष्य वा अप्रतक्ष्य रुपमा सहयोग गर्नुहुने सम्पुर्ण महानुभाव ज्यूहरु एंव अहोरात्र खटिने नगरस्तरीय राजनैतिक दलका प्रमुख वा प्रतिनिधी ज्यूहरु, वडा नागरिक मञ्चका पदाधिकारी ज्यूहरु एंव सहकर्मी कर्मचारी साथीहरुमा धन्यबाद एंव कृतज्ञता ज्ञापन गर्न चाहान्छु। निति तथा योजनाको कार्यान्वनमा समेत यहाँहरुको सक्रिय सहभागिता रही लक्षित उद्धेश्यहरु परिपुर्ति गर्न अमुल्य सुझाव, सल्लाह र प्रतिक्रिया प्राप्त हुने कुरामा पुर्ण विश्वास लिएको छु।

धन्यबाद!!!

मिति:२०७३ पौष १४ गते